# साक्षर बनौँ, साक्षर बनाऔँ

नेपाल सरकार
शिक्षा मन्त्रालय
अनौपचारिक शिक्षा केन्द्र
सानोठिमी, भक्तपुर
फोन नं. : ६६३१२८८, ६६३४३६२
फ्याक्स नं : ६६३१२८०
पोस्ट बक्स नं : २१०४५
इमेल : nfec@mos.com.np
वेभसाइट : www.nfec.gov.np

# आपत्कालीन शिक्षा


## अनौपचारिक शिक्षाको सिकारुहरुका लागि स्वाध्ययन पुस्तिका












नेपाल सरकार
शिक्षा मन्त्रालय
अनौपचारिक शिक्षा केन्द्र
सानोठिमी, भक्तपुर
२०७०

Kathmandu Office
United Nations Educational, Scientific and Cultural Organization

# आपत्कालीन शिक्षा

**अनौपचारिक शिक्षाको सिकारुहरूका लागि स्वाध्ययन पुस्तिका**




नेपाल सरकार
शिक्षा मन्त्रालय
अनौपचारिक शिक्षा
केन्द्र सानोठिमी, भक्तपुर
२०७०

KAT/2015/PI/H/1

**प्रकाशक:**

नेपाल सरकार

शिक्षा मन्त्रालय

अनौपचारिक शिक्षा केन्द्र

सानोठिमी, भक्तपुर

© प्रकाशकमा

प्रथम संस्करण २०७०, असार

पुन: मुद्रण: वि.सं.२०७२ बैशाख १0,000 प्रति

पुन: मुद्रण सहयोग: युनेस्को काठमाडौँ

मुद्रक: क्वालीटी प्रिन्टर्स, पुतलि सडक, ४२२८८७०

# हाम्रो भनाइ

अनौपचारिक शिक्षाका पाठ्यक्रम र पाठ्यसामग्रीहरूमा कुनै न कुनै रूपमा बाढी पहिरो, आगलागी, भुइँचालो, रोगको महामारी, द्वन्द्व र यसबाट हुने हानि नोक्सानीसम्बन्धी विषयवस्तुहरू समेटिएका छन्। सर्वप्रथम त विपत्तिहरू आउनै नदिने उपायहरू अपनाउन मानिसहरूलाई सचेत बनाउनु पर्छ । भुइँचालो, हुरी, आँधी, सुनामी जस्ता विपत्तिहरूलाई मानिसले नियन्त्रण गर्न सक्दैन । यस्ता विपत्तिहरूबाट हुने धनजनको हानि नोक्सानी कम गर्ने उपाय अपनाउनु पर्दछ । बाढी, पहिरो, आगलागी रोगको महामारी, द्वन्द्वमा भने मानिसको अज्ञानता, लापरबाही, रिसराग, घृणा आदिले कारक तत्त्वका रूपमा भूमिका खेल्छन्। अनौपचारिक शिक्षा मार्फत प्रकोप जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामा शिक्षाको व्यवस्थापन गर्ने सम्बन्धमा सचेतनाको विकास गर्न सजिलो होस् भन्ने उद्देश्यले यो स्वाध्ययन पुस्तिका तयार गरिएको हो ।

यस पुस्तिकाको लेखन कार्य मधुसुदन त्रिपाठी, गणेशप्रसाद भट्टराई र प्रेम भट्टराई सम्मिलित कार्यदलबाट भएको हो । चित्राङ्कन गौतम मानन्धर र टाइपसेटिङ तथा लेआउट डिजाइन जयराम कुइँकेलबाट भएको हो । यो सामग्री तयार गर्दा सहयोग र सुझाव दिनु हुने सम्पूर्ण महानुभावहरूप्रति यो केन्द्र आभार व्यक्त गर्दछ । यस सामग्रीको अध्ययनबाट अनौपचारिक शिक्षाका सिकारुहरू र उत्सुक पाठक वर्गलाई सम्बन्धित विषयमा केही जानकारी लिन सहयोग पुऱ्याउने छ भन्ने अपेक्षा गरिएको छ ।

अन्त्यमा यस सामग्रीमा देखिएका कमीकमजोरीहरू औँल्याई दिनु हुन, सुधारका लागि सुझाव, सल्लाह र प्रतिक्रिया दिई आगामी दिनमा यसलाई अझै व्यावहारिक र उपयोगी बनाउन मद्दत गर्नुहुनेछ भन्ने विश्वास लिइएको छ ।

अनौपचारिक शिक्षा केन्द्र
सानोठिमी, भक्तपुर


२०६९, असार

## विषयसूची


| शीर्षक | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | सिम्ले गाउँको दु:ख | १ |
| २. | मुर्गिया गाउँको आगलागी | ९ |
| ३. | खारापानीको कथा | ११ |
| ४. | भुइँचालो आयो भने के गर्ने ? | १४ |
| ५. | दुई शिक्षक बीचको कुराकानी | १८ |
| ६. | भीरगाउँको डढेलो | २१ |
| ७. | सेतीको बाढी र शास्त्री बा | २७ |
| ८ | तपाइँ भए के गर्नुहुन्छ ? | २९ |
| ९. | विस्थापितहरूको व्यवस्थापन | ३२ |
| १०. | विपत्को बेला विशेष सहयोग | ३६ |
| ११. | सेवा नै धर्म हो | ३९ |
| १२. | आपत्विपत्मा कसले सहयोग गर्छन् ? | ४१ |
| १३. | सुन्दरपुरकी सान्नानी | ४५ |
| १४. | आपत्कालको सिकाइ | ४८ |
| १५. | कोशीको बाढी | ५२ |


पाठ १

# सिम्ले गाउँको दुःख



दिवान सिंह राई सिम्ले गाउँ विकास समितिका पूर्व अध्यक्ष हुन् । उनको कार्यकालमा गाउँमा निकै राम्रा काम भए। नयाँ विद्यालय खोलियो। खानेपानीको धारा जडान भए । थुम्कीतिर सिमेन्टका ठूलाठूला घ्याम्पा बनाइयो । तिनमा छानाबाट बर्षात्को पानी जम्मा गर्ने व्यवस्था मिलाइयो । बाटो पनि खनियो । नाङ्गो डाँडामा विभिन्न प्रकारका बिरुवा र अम्रिसो लगायतका घाँस रोपियो। हाँडीखोलाबाट बिजुली निकालियो। सिँचाइका लागि कुलो पनि खन्ने काम भयो । पुरानो कुलो मर्मत गरियो । साक्षरता कक्षाहरू सञ्चालन भए । गाउँलेहरू मिलेर आयआर्जन समूह गठन गरे । थोरै थोरै पैसा जम्मा गरेर बचत कोष खडा गरियो । बचत गरिएको रकम थप आम्दानी हुने काममा लगाइयो । यी सबै कामहरूको संयोजन गर्ने काम दिवान सिंहले गरेका हुन् । यसैले गाउँलेहरू उनलाई विकासवादी नेता भनेर सम्मान गर्छन् ।

आफ्नो कार्यकाल सकिए पनि उनले गाउँलेहरूको सेवा गरिरहेकै छन् । उनले विकासका काम गर्न छाडेका छैनन् । गाउँमा आइपरेका नयाँ खाले समस्याहरूले उनलाई पिरोलिरहन्छ । तारेभीरको पहिरो बढ्दै गएर गाउँ नै बगाउने हो कि भन्ने डर छ । यसै वर्ष हाँडीखोलाको बाढी टारी खेततिर पस्यो । रोपेको धान बगाएर लग्यो । दसौँ रोपनी खेत ढुङ्गे बगरमा परिणत हुन गयो । यसै वर्ष झाडा पखालाको महामारी फैलिएर तीनजना केटाकेटीको ज्यान गयो । उनी पिरोलिएकै थिए । यसैबीच एकदिन गाउँलेहरू उनको घरमै जम्मा भए । गाउँमा आइपरेको समस्या समाधान गर्ने केही उपाय खोज्नुपर्‍यो भनी अनुरोध गरे । उनले केही न केही उपाय खोज्ने आश्वासन दिएर गाउँलेहरूलाई घर फर्काए ।



उनी एक दिन आफ्नै कामले जिल्ला सदरमुकाम गएका थिए । फर्किएपछि उनले गाविस कार्यालय नजिकैको चौतारामा गाउँलेहरूको भेला डाके । गाउँलेहरूलाई सम्बोधन गर्दै भने, “दाजुभाइ तथा दिदीबहिनीहरू, यो गाउँमा हामी जिजुबाजेका पालादेखि नै बस्दै आएका हौँ । आज सिम्ले गाउँ खतरामा परेको छ । तारे भीरको पहिरोले गाउँ नै बगाउला जस्तो छ । हाँडीखोलाको बाढीले धान खाने खेत खाइदिने भो । पखाला लागेर केटाकेटीले ज्यान गुमाउनु पर्‍यो । आगो लागेर घरकटेरो र अन्नपात पोलिएपछि राताघरे माइला दाइले गाउँ नै छाडे । यस्तो विपत्ति आउनुमा हाम्रो पनि केही न केही दोष हुने रहेछ ।”

“हैन ए साल्दाइ ! तारेभिरमा पहिरो जानु, हाँडीखोलामा बाढी आउनु, झाडा पखाला फैलनु, घरमा आगो लाग्नुमा हाम्रो के दोष हँ ? बाढी पहिरो हामीले आ भन्दा आउने र नआ भन्दा न आउने हो र” रत्नप्रसाद बोले ।

“मकैको ढोड सल्काउँदा एक्कासि हुरी बतास आएकाले नजिकैको गोठको छानोमा आगो सल्किएको सबैले देखे कै हुन् । कसैले  घरमा आगो सल्काइदिएको होइन क्यारे” हिमकलाले भनिन् ।

“ए साइला, तँ के भइस् हँ ? यस्तै दोष लगाउन हाम्लाई चौतारामा बोलाएको ? फेरि नयाँ मान्छे पनि सँगै देख्छु । हामी सोझा गाउँलेलाई दु:ख दिने मति लिइस् कि क्या हो ?” धनहर्कले शङ्का व्यक्त गरे ।

“यी भाइ को हुन् त साल्दाइ ?” दिवाकरले सोधे ।

नेत्रवीरले आफ्नो परिचय दिँदै भने, “मेरो नाम नेत्रवीर थापा मगर हो । म जिविसको कार्यालयमा बसेर काम गर्न तपाईँहरूको जिल्लामा खटिएको छु । मेरो काम प्राकृतिक र अन्य कारणबाट आइपर्ने विपत्तिबाट जोगिने तरिका

बताउनु हो । त्यस्तै विपत्ति परेको अवस्थामा त्यसबाट हुने हानि नोक्सानी कम गर्ने उपायहरूका बारेमा योजना पनि गर्नु छ ।

धनकेसरी : ए, बाबु त हामीलाई सहयोग गर्न पो आउनु भएको रहेछ ! हाम्रो गाउँमा स्वागत छ है बाबु !

रत्नप्रसाद : यस्तो आपत्‌विपत्‌बाट जोगिन के गर्नुपर्ला त बाबु ?

नेत्रवीर : काकाले अघि भन्नु भएको कुरा ठीकै हो । भुइँचालो, आँधी, हुरीबतास र चट्याङ् जस्ता विपत्तिहरू कहिले आउँछन् भन्ने कुराको ठेगान हुँदैन । यस्ता विपत्तिहरू आउन नै नदिने उपाय गर्न सकिने कुरा भएन । तर यस्ता विपत्तिहरू आइपरेको अवस्थामा यसबाट हुने हानि नोक्सानीहरूलाई कम गर्ने उपायहरू भने अपनाउन सकिन्छ ।




रत्नप्रसाद : हामी सिम्लेबासीहरूको समस्या चाहिँ अर्कै छ बाबु । हाम्रो शत्रु त तारेभिरको पहिरो र हाँडिखोला पो भइदियो ।

नेत्रवीर : अहिले बाढी पहिरो आयो, अहिले नै रोकथाम गर्नुपर्‍यो भनेर कहाँ हुन्छ र रत्न काका । यसका लागि त लामो समयको सोच राख्नुपर्छ । अहिले हामीले सोचविचार पुर्‍याएमा छोरा नातिले दुःख पाउँदैनन् । पहिरो नजाओस् भन्नाका लागि पाखामा रूख बिरुवा, बाँस र अम्रिसो जस्ता घाँस रोप्नु पर्छ । तिनलाई जतन गरी हुर्कन दिनुपर्छ । पानी बगेर जाने उचित निकासको व्यवस्था मिलाउनुपर्छ । भिरालो पाखोमा गरा बिराएर कान्लामा पर्खाल लगाउनुपर्छ । घाँस उम्रिन दिनुपर्छ । पानी निकासको उचित प्रबन्ध गर्नुपर्छ । यसो गरेमा पहिरो निर्यन्त्रण गर्न सकिन्छ । पशुको अति चरनले पनि भिरालो ठाउँको माटो खुकुलो हुन्छ र पहिरो जान्छ । कतिपय ठाउँमा त जमिन नै खुकुलो र बग्ने खालको हुन्छ । त्यस्तो ठाउँमा स्थायी रूपमा घर बनाएर बस्नु हुँदैन । जहाँसम्म बाढी आउने कुरा छ, यसका लागि पनि नदीको दुबैतर्फ रूख, बाँस, अम्रिसो आदि रोप्नुपर्छ र हुर्कन दिनुपर्छ । आवश्यकताअनुसार नदीको दुवैतर्फ बाँध, पर्खाल लगाउनु पर्छ । यी सबै तपाईँहरूले देखेका, भोगेका र जानेकै कुरा त हुन् नि ।

हिमकला : जानेर मात्र के गर्नु बाबु । यसै वर्ष झाडा पखाला फैलिएर तीनजना केटाकेटीको ज्यान गयो । स्वास्थ्य चौकीका मान्छे आएर गाउँभरिका मान्छेहरूलाई भेला गरेर विभिन्न शिक्षा दिए । घरभित्र र बाहिर सफा राख्नुपर्छ । पिउने पानी सफा र

सुरक्षित हुनुपर्छ । पानीको स्रोतको वरिपरि फोहोर र दिसा पिसाब गर्नु हुँदैन । सकेसम्म उमालेका पानी पिउनुपर्छ । प्रत्येक घरमा चर्पी बनाउनुपर्छ । चर्पीमा मात्र दिशा पिसाब गर्नुपर्छ । रोग विरुद्ध खोप दिनुपर्छ । झाडापखाला लागेमा नुन चिनी पानी वा जीवनजल खुवाउनुपर्छ । प्रशस्त झोल खानेकुरा खुवाउनुपर्छ भनेर तालिम नदिएका कहाँ हुन् र ! विपत्ति नआउञ्जेल सबै आ-आफ्नो तालमा हिँड्छन् । जाने बुझेको कुरा पनि व्यवहारमा प्रयोग गर्दैनन् । भगवान्ले जे गर्छन् गर्छन् । केही परे उनै प्रभुले बचाउँछन् भनेर ढुक्क हुन्छन् ।  पूर्व सावधानी अपनाउँदैनन् । विपत्ति परिसकेपछि रुन कराउन थाल्छन् । कालको मुखमा परि सकेपछि होस खुलेर के गर्नु ?





दिवानसिंह : आपत्‌विपत्‌ भन्ने कुरा बाजा बजाएर आउँदैन। फेरि यो एकजनाका लागि मात्र आउने कुरा पनि होइन । त्यसैले यस्तो विपत्ति आउन नदिन सबै मिलेर बुद्धि पुऱ्याएर काम गर्नुपर्छ । पछि समस्यामा परिन्छ भनेर आजै चनाखो भइएन भने दु:ख पाउने त पक्का नै छ नि । आगो लागि सकेपछि कुवा खनेर के गर्नु ?

धनहर्क : साइँलाले भनेको ठिकै हो । राताघरे माइलाले सानो कुरामा लापरबाही गरेकाले घर गोठ सखाप भयो । विचरा गाउँ नै छोडेर हिँडे । दु:खीलाई जहाँ गए पनि उही हो । यहाँ जत्तिका सहयोगी छरछिमेक कहाँ पाउलान्‌ र ! केटाकेटीलाई बारीका मकैका ढोड जम्मा गरेर बाल्दै गर भनेर बेसी खेततिर झरेका थिए रे। केटाकेटीले गोठ कै छेउमा ढोड थुपारेर आगो सल्काएछन्‌। बतास भुमरी परेर गोठको धुरीमा झिल्कोले टिपिहालेछ । केटाकेटीको भरमा आगो छोड्नु हुँदैन । केटाकेटीलाई सलाई, लाइटर जस्ता चिज दिनु हुँदैन । वन जङ्गलमा डढेलो लगाउन हुँदैन भनेर उनलाई थाहा नभएको हो र ! खति हुने बेलामा मति बिग्रन्छ भनेको यही हो ।

नेत्रवीर : अब सबै गाउँले दाजुभाइ तथा दिदीबहिनीहरू जम्मा हुनु पऱ्यो। आफ्नो गाउँमा आउन सक्ने विपत्तिहरू केके हुन सक्छन्‌ भनेर लेखाजोखा गर्नुपऱ्यो। यी विपत्तिहरूबाट बाँच्न अपनाउनु पर्ने पूर्वसावधानी र गर्नुपर्ने कामहरू एकिन गर्नुपऱ्यो । कसले के गर्ने र कहिले गर्ने भन्ने योजना बनाउनु पऱ्यो । आवश्यक परे विशेषज्ञहरू बोलाएर राय सल्लाह लिनुपऱ्यो । आपत्‌विपत्‌ परेको बेलामा चाहिने सामग्री र औजारहरू गाउँ कै कुनै

सुरक्षित ठाउँमा राख्नु पर्‍यो । आपत्‌विपत् पर्दा चाहिने खर्चका लागि सबैबाट थोरै थोरै चन्दा उठाएर विपत्ति कोष खडा गर्नुपर्‍यो ।

दिवानसिंह : सबै गाउँलेहरूलाई जागरूक बनाउन घरघर डुलेर प्रचारप्रसार पनि त गर्नुपर्‍यो नि, होइन त नेत्रवीर भाइ ?

नेत्रवीर : दाजुले ठीक भन्नुभयो । सबैले व्यवस्थित रूपमा काम गर्न एउटा समिति गठन गरे कसो होला ?

नेत्रवीरको प्रस्तावमा सबैले सहमति जनाए । गाउँभेलाबाट सबैको सहमतिमा “गाउँ दैवीप्रकोप समिति” गठन गरियो । दिवान सिंहलाई नै सो समितिको अध्यक्ष बनाइयो । उनकै अगुवाइमा सबै गाउँले मिलेर काम गर्ने सहमति भयो । अर्को हप्ता यसैगरी भेला भएर सरसल्लाह गर्ने निर्णय गरेर गाउँ भेला सकियो ।

पाठ २

# मुर्गीया गाउँको आगलागी

चैतको महिना थियो । गर्मी धेरै बढेको थियो । मुर्गीया गाउँमा मानिसहरू गर्मीले गलेका थिए । "लु चल्ला जस्तो छ ।" भगतले गम्छाले पसिना पुछ्यो । "पानी पनि परेन । खानेपानी छैन । यस्तो हुरी चल्छ । परार जस्तै उपद्रो भयो भने" धर्मेन्द्रले चिन्ता गर्‍यो ।

खेत जोत्नु थियो । भगत फेरि जोत्न थाल्यो । धर्मेन्द्रले खेतको घाँसपात जम्मा पारेर एक ठाउँमा भेला गर्‍यो । दिनभर काम गरेर उनीहरू घर फर्के । खानासाना खाएर उनीहरू चाँडै सुते ।

विरेन, रतिलाल र उपेन्द्र गाउँका उरन्ठेउला केटा हुन् । उनीहरू जाँडरक्सी खाएर हल्ला गर्छन् । कहिले साइकलको हावा खुस्काइदिन्छन् । कहिले काहीँ गाउँलेका घरका भित्ता फोरेर चोर्न  समेत पस्छन् । आज बेलुखी पख पनि उनीहरूले रक्सी खाए । चुरोट सल्काए र घर फर्के ।

"ओई ! भगतेले घुर जम्मा पारिहालेछ । आगो लाऔँ न । कस्तो मज्जा हुन्छ ।" रतिलालले  प्रस्ताव राख्यो ।

"लाइटर छ ?" विरेन बोल्यो ।

"धत् ! यस्तो घुर त चुरोटको ठुटाले जलिहाल्छ । सल्काइहाल्नुपर्छ ।" उपेन्द्रको योजनामा सबैले चुरोटका ठुटा ननिभाई घुरमा फाले । फेरि हल्ला गर्दै गाउँ पसे ।

घुर बिस्तारै सल्क्यो । हुरी चलेको थियो । आगो दनदनी बल्यो । एकै छिनमा आगोले गाउँ टिप्यो । गाउँका साना साना घर दनदनी बल्न थाले । गाँउमा पानी थिएन् । रातको समय थियो । मानिसले प्रहरीलाई फोन गरे । दमकल पनि बोलाए । तर दमकल आइनपुग्दै गाउँ सखाप भयो । घर जले । सामान जल्यो । पशुहरू जले । तीन जना बृद्ध घाइते भए । एक बच्चाको जलेर मृत्यु भयो । मानिस गाउँबाट भागेर टाढा पुगे । भगत र धर्मेन्द्रले पनि भागेर ज्यान बचाए ।






भन्नुहोस् त :

- मुर्गीयामा आगो लाग्नुको कारण के हो ?
- यसलाई कसरी बचाउन सकिन्थ्यो ?
- के विरेन, रतिलाल र उपेन्द्रजस्ता मानिस तपाईंको गाउँमा छन् ?
- त्यस्ता मानिसलाई सम्झाउन तपाईं के गर्न सक्नुहुन्छ ?
- आगलागीबाट जोगिन के-के गर्नुपर्ला ?

पाठ ३

# खारापानीको कथा



कास्की जिल्ला माछापुच्छ्रे सेती मुहान माथि
कुहिरोले ड्याम्मै ढाकी भयो वर्षा अति ।
सम्झँदा नै दिक्क लाग्छ वर्णन गर्नु कति
जन, धन, जमिनको ठूलो भयो खति ॥

उत्तरमा टल्किएको सेतो हिमाल काख,
हरियाली घाँस बुटा थिए भीर पाखा ।
त्यस्कै मुनि साना गाउँ थिए बेँसी दुन
लहलह खेतीबाली झुल्थ्यो तिन्मा सुन ॥

सुख सयल खोज्दै आयौ गाउँ छोडी तल
साना घर पसल, होटल त्यस्मै अलमल ।
पर्यटक रिझाएर गर्‍यौँ कमाइ राम्रो
सुखसँग बसी भन्थ्यौ यो हो सबै हाम्रो ॥

सललल बग्ने सेती किनारमा बास
परिवार पाल्छौँ भन्ने ठूलो लिन्थ्यौँ आस ।
अनायास दिउँसोमै आयो ठूलो भेल
हेर्दाहेर्दै छिन्न भिन्न जीवनको खेल ॥

त्यो सम्पत्ति जोगाउने पाइएन बेला
परिवार बचाउन भइगयो अबेला ।
हिमनदी फुट्यो कि के पहिरियो पाखै
बगाएर परिवार रित्तो पाऱ्यो काखै ॥

ढुङ्गा मुढा काठपात सिङ्गो रूख बोकी
आकासिँदै आको भेल प्रलयनै हो की ।
भन्ने भान भयो होला आवाज सुन्दा खेरि
एकै छिन रोकिएर उर्ली आउँदा फेरि ॥




पाटी पौवा धेरै थिए रोगी आई बस्थे
निको हुने विश्वासले खारापानी पस्थे ।
सबै जान्थे रमाउँदै निकोपारी बाथ
मेरै बयान गर्थे सबै आफन्तका साथ ॥

न त ऐले खारपानी, न छन् पाटी पौवा
के खानलाई बसेका हुन् बगर भरि कौवा ।
घरैभित्र धन माल मान्छे पुरिदियो
नपुगरेको बगाई लग्यो यहाँ जेजे थियो ॥

माछापुच्छ्रे फेदीदेखि सेती बगेसम्म
दायाँबायाँ किनारामा हिलो गेगर टम्म ।
घर, गोठ, वस्तुभाउ बगाइ लग्यो जम्मै
फाँडेपानी उर्लिएर ढाक्यो तिर सम्मै ॥

बाटो घाटो खानेपानी तारेका ती पुल
बगाएर लग्यो सबै पुऱ्यो सबै मूल ।
किनारामा राखेका ती गाडी काठपात
कहाँ पुगे थाहै छैन लग्यो एकैसाथ ॥

गाउँ छाडी नदी किनार बसाइँ नसार
आफ्नै पैलो बस्तीलाई हरा भरा पार ।
धान झुलाऊ बैँसी भरि पाखा खेती लगाऊ
त्यै ठाउँको विकास गरी दु:ख कष्ट भगाऊ ॥

प्रकृतिलाई नटेरेर मन खुसी गर्दा
बल्ल चेत आयो कि त ठूलो आपद पर्दा
ज्यादै खिन्न भएरै हो पोखेँ मैले दु:ख
ऐल्यैबाट  सचेत होऊ खोज्छौ भने सुख ॥

# पाठ ४ भुइँचालो आयो भने के गर्ने ?

भदौको महिना थियो । उज्यालो हुनै लागेको थियो ।  म उठ्न लागेको थिएँ । एक्कासि खाट हल्लिन थाल्यो । "ए, भुइँचालो आयो, भागौँ" दिदी चिच्याउनु भयो ।

"भाग्नु हुन्न । खाटमुनि बस्नुपर्छ । ढोकाको चौकोसमुनि बसे पनि हुन्छ । टेबल मुनि बसे पनि हुन्छ ।" मैले पढेको कुरा सुनाएँ ।

आमाबा अर्को कोठामा हुनुहुन्थ्यो । त्यहीँ सुरक्षित बस्नुभयो । घर बाहिर मानिस चिच्याएको सुनियो । आधा मिनेट जति घर हल्लियो । हेर्दाहेर्दै हाम्रै कोठाको भित्तो पनि चर्कियो ।

एकै छिनपछि हल्लिन छाड्यो । हामी बाहिर निस्क्यौँ । छिमेकीका घर पनि चर्केछन् । रामकृष्णको घरको एउटा कोठा भत्केछ । लीलाको आँगनमा चिरा परेछ । मैले प्रहरीलाई फोन गर्न खोजेँ । फोन त बिग्रेछ । बिजुलीको लाइन पनि काटिएछ । "ए बाहिर नजाओ है ! भुइँचालो फर्किन सक्छ ।" आमाले सचेत गराउनुभयो ।

"हैन आमा ! अब आउँदैन होला । कसैलाई आपत् पो पऱ्यो कि ! हामीले हेर्नुपर्छ ।" दिदी र म बाहिर निस्क्यौँ ।

बाहिर निस्कनासाथ थाहा भयो, राम्चाको घर भत्केछ । ७४ वर्षका हजुरबा घरमा पुरिएर ठहरै हुनुभएछ । सुम्नीलाई पनि चोट लागेछ । हनुमन्ते खोलाको पक्की पुल त दुई टुक्रा भएछ । हामी बुद्ध चोकमा पुग्यौँ । काठमाडौँ र भक्तपुर जोड्ने छ लेनको बाटो चाहिँ केही भएन छ । यो जापानले बनाइदिएको बाटो हो । सानोतिनो भूकम्पले केही गर्दैन रे । नभन्दै त्यही

बाटोबाट एम्बुलेन्स आयो । मानिस खचाखच थिए । एम्बुलेन्स नागरिक अस्पतालतिर गयो । तर अस्पताल भवन भत्केको थियो । नर्स र डाक्टर त्राहित्राहि थिए । बाटोमा धेरै एम्बुलेन्सको आवाज सुनियो । दमकल पनि करायो । एकैदिनमा एकोहोरो साइरन बज्यो । आकाशमा एउटा हेलिकप्टर पनि घुम्यो ।

“ए जुगेन ! सुन त काठमाडौँमा त ठूलो क्षति भयो रे नि । सगरमाथा टावर भत्क्यो रे । जुगल व्यापारिक भवनको नामोनिसान छैन रे ।” साथी उत्तमले सुनायो ।

“अन्यत्र के भयो होला ? धन्न बाँचियो । यहाँ त धेरै क्षति भएन । अन्त के भयो ? सहयोग गर्न जानुपर्छ । मानिस मरेका, च्यापिएका वा घाइते भएका हुन सक्छन् हेर्नुपर्छ ।” म पुनः फर्कें ।

रेडियोमा समाचार आयो - आज बिहान चार बजेर पैँतालीस मिनेटमा काठमाडौँमा ८ रेक्टर स्केलको भुइँचालो गयो । हालसम्म २ सय मानिस मरेको समाचार छ । क्षतिको पूर्ण विवरण आउन बाँकी छ । राष्ट्रपतिले सबैलाई आफ्नो छरछिमेकमा सहयोग गर्न आह्वान गर्नुभएको छ । आफ्नो आफ्नो टोलमा उद्धार कार्यमा सहयोग गर्न हाम्रो पनि अनुरोध छ ।


समाचार नसकिँदै दिदी र म दौडियौँ । यति बेलासम्म मानिसहरू सडकमा निस्किसकेका थिए । हामी उद्धारका लागि खटिएको स्वयंसेवक टोलीमा सामेल भयौँ ।”

अब भन्नुहोस् त !

यसरी नै भुइँचालो गयो भने हामीले के के गर्नु पर्छ ?


## असुरक्षित घर





## सुरक्षित घर





आफू र परिवारलाई बचाउन म यसो गर्छु :

- म एक्कासि आत्तिएर भाग्दिन । अरूलाई नआत्तिन भन्छु ।
- खाटमुनि, टेबुलमुनि, ढोकाको चौकसमा बस्न भन्छु ।
- झोला, तकिया, सिरक र केही नभए हातैले टाउको ढाक्छु ।
- बत्ती, स्टोभ, ग्यास आदि निभाउँछु ।
- झ्यालबाट हाम फाल्दिन ।
- भुइँतलामा ढोका नजिक भए तुरुन्त बाहिर निस्कन्छु ।
- झ्यालतिर बस्दिन ।

छिमेकी र अन्यलाई बचाउन म यसो गर्छु :

- आवश्यकताअनुसार प्राथमिक उपचार गर्छु । उपचार विधि जानिराख्न सहयोग गर्छु ।
- खुला ठाउँमा भेला हुन भन्छु । नआत्तिन भन्छु ।
- कोही घाइते भए नभएको जानकारी लिन्छु । एम्बुलेन्स, स्ट्रेचरको व्यवस्था गर्न सहयोग गर्छु ।
- उद्धार कार्यका लागि सक्रिय हुन्छु ।
- बिजुलीको तार र अग्ला घरको नजिक नबस्न भन्छु ।

उद्धार गर्न म यसो गर्छु :

- सकेसम्म छिटो क्षतिको विवरण लिन्छु ।
- प्राथमिक उपचार गर्ने व्यवस्था गर्छु ।
- स्थानीय प्रहरी प्रशासनसँग सम्पर्क गर्छु ।
- स्थानीय स्वास्थ्य संस्थासँग सम्पर्क गर्छु ।
- घाइते र पीडितलाई खतराबाट जोगाउन प्रयास गर्छु ।

# पाठ ५ दुई शिक्षकबीचको कुराकानी

हरिप्रिया : मानव सिर्जित र प्राकृतिक विपत् पढेपछि मलाई एउटा कुरा सोध्न मन लाग्यो । भनिदिने हो ?

भक्तराम : के होला ? जानेँ भने भनिहाल्छु नि !

हरिप्रिया : विपत्का अवस्थामा शिक्षामा पनि ठूलो असर पर्ने रहेछ । यस्तो अवस्थामा के के गर्नु पर्ला ?

भक्तराम : बाढी, भुइँचालो, डढेलो, आगलागी र द्वन्द्वले आपत्काल सिर्जना गर्छन् । यिनबाट भिन्नभिन्न खालका आपत् आइपर्छन् । तर सबैमा बालबालिकालाई बढी समस्या पर्छ । उनीहरूको पठनपाठनलाई निरन्तर राख्न निकै कुराको विचार गर्नुपर्छ ।

हरिप्रिया : त्यसो भए सबभन्दा पहिले त बालबालिकाको तथ्याङ्क सङ्कलन गर्नुपर्छ, होइन ?

भक्तराम : हो ! प्रधानाध्यापक र शिक्षकलाई विद्यार्थीबारे थाहा हुन्छ । जिशिकाबाट पनि तथ्याङ्क लिन सकिन्छ । शिविर र अस्थायी क्याम्पबाट पनि तथ्याङ्क प्राप्त हुन्छ । आफ्नो क्षेत्रमा रहेका बालबालिकाको तथ्याङ्क थाहा भएपछि शिक्षा दिने व्यवस्था मिलाउन सजिलो हुन्छ ।

हरिप्रिया : तथ्याङ्क सङ्कलनपछि के गर्ने नि ?

भक्तराम : कुन ठाउँमा कति बालबालिका छन् ? कसरी बसेका छन् ? तिनको अवस्था के छ ? पहिले यो बुझ्नुपर्छ । त्यसपछि उनीहरू रहेकै ठाउँमा जानुपर्छ । तिनलाई पुस्तक, कलम आदिको व्यवस्था गरिदिनुपर्छ, उनीहरू तनावमा हुन्छन् । उनीहरूलाई रमाइला कथा सुनाउनुपर्छ । गीत सुनाउनुपर्छ, खेल खेलाउनुपर्छ ।

कतिपयलाई शारीरिक समस्या हुन्छ। तिनको स्वास्थ्य, खानपानमा ध्यान दिनुपर्छ। मनोरञ्जनको पनि व्यवस्था गर्नुपर्छ।

हरिप्रिया: तिनले आफन्त र अभिभावक गुमाएका हुन सक्छन्। कसरी पढ्न सक्लान्?

भक्तराम : राम्रो कुरा गर्नुभयो। तिनलाई पढाउने होइन सिकाउनुपर्छ। यस्तो आपत्मा जिउन सिकाउनुपर्छ। विभिन्न खाले आपत्बाट आफूलाई बचाउन सिकाउनुपर्छ। पीडा भुल्न सिकाउनुपर्छ। यसका लागि पुस्तक नै चाहिन्छ भन्ने छैन। शिक्षकले विद्यार्थीको मनोविज्ञान बुझ्न अत्यावश्यक छ। उनीहरूको मन बुझ्नुपर्छ। आत्मीयता दिनुपर्छ। अभिभावक बन्नुपर्छ। अनि मात्र सिकाइ सम्भव हुन्छ।

हरिप्रिया : उनीहरू विद्यालय आएनन् भने?

भक्तराम : यतिखेर उनीहरू बसेको ठाउँ नै घर हो। त्यो नै विद्यालय हो। त्यहीँ सिकाइको वातावरण निर्माण गुर्नपर्छ। यस बेला शिक्षक नै पाठ्यक्रम हो। ऊ नै पाठ्यपुस्तक हो। उनीहरू बसेको ठाउँमा नै अस्थायी रूपको सिक्ने सिकाउने केन्द्र बनाउनु पर्छ। उपलब्ध भएका सामग्रीको प्रयोग गर्नुपर्छ।

हरिप्रिया : त्यसो भए यस अवस्थामा अनुभवी शिक्षक आवश्यक हुन्छ होला नि?

भक्तराम : त्यो पनि होइन। जसले पनि सिकाउन सक्छ। धर्म, संस्कृति, इतिहास, समाज, घरायसी गणित जस्ता विषय पढाउनुपर्छ। काम र शिक्षा जोड्नुपर्छ। संस्कार र शिक्षा जोड्नुपर्छ। पुख्यौली ज्ञान र शिक्षा जोड्नुपर्छ। बसे कै ठाउँमा सिक्न सक्ने वातावरण बनाउनुपर्छ। विद्यालय र घरको अभाव हुन दिनु हुँदैन। शिक्षाको योजना भनेकै यही हो।

हरिप्रिया : यसो भए यस्ता बेलामा शिक्षण सामग्री कसरी जुटाउने त ?

भक्तराम : विपत्‌को बेला पीडितहरूलाई राखिएको ठाउँमा जे पाइन्छ त्यो नै सामग्री हो । त्यसैलाई प्रयोग गुर्नपर्छ । बाढीले पुरेको ठाउँमा माटो, पानी, बालुवाका विषयमा सिकाउन सकिन्छ । सिकाइलाई स्थानीय परिवेशसँग जोड्नुपर्छ ।


हरिप्रिया : ओ हो ! हामीले त धेरै काम गर्नुपर्ने रहेछ । यो कुरा त अरूलाई पनि भन्नुपर्‍यो ।

भक्तराम : आपत्‌कालमा सबैको सहयोग लिएर मात्र समस्या समाधान गर्न सकिन्छ ।



पाठ ६

# भीरगाउँको डढेलो



चैतको महिना थियो । गर्मी असाध्यै बढ्यो । खोला सुके । घाँसपात सुक्यो । वस्तुलाई घाँस पाइएन । मानिसहरू घाँस खोज्न जङ्गल चाहार्न थाले । भीरगाउँमा पनि यही दशा देखियो ।

दिउँसो १२ बजेतिरको समय थियो । राममान हँसिया नाम्लो बोकेर घाँस काट्न हिँड्यो । उसले पत्नीलाई भन्यो, “खडेरी बढेको छ । हुरी चल्दै छ । आगो खरानीले छोप है । उपद्रो होला ।”

राममान ओरालो लाग्यो । सोच्न थाल्यो, “खरी पाखामा घाँस छैन । सालिम्बो समेत सुक्यो । मान्छेले खर पनि बोकेनन् । वैशाख लाग्न आँट्यो । घर छाप्नु पर्दैन कि ? ऊ सोच्दै झऱ्यो । आज दाम्से खोला पारि जानुपर्ला । खर्कनेतिर अलिक हरियोपरियो छ । शीतल पनि छ । घाँस पनि पाइन्छ ।”

राममान चिलाउनेको रूखनिर बस्यो । गोजीबाट सुर्ती निकालेर खोसेलामा बेऱ्यो । लाइटरले सल्कायो र धुँवा पिउन थाल्यो । “खडेरीले पनि हैरान

पाऱ्यो । घाँस कसरी खोज्ने ?” सोच्दा सोच्दै कँकड खाइसक्यो । ठुटो छेउतिर फालेर ऊ खोलातिर झऱ्यो । खर्कने पुगेर सुसेल्दै घँस काट्न लाग्यो ।

“ए कान्छा काका ! वीरमान दाइ ! खरीपाखामा आगो लाग्यो । गाउँले हो ! आगो लाग्यो ! निभाउन आउनुपऱ्यो ।” रुद्रे साइँलो चर्को स्वरमा करायो । गाउँमा कोही घरमै थिए ।  कोही मकैबारीमा काम गर्दै थिए । कोही अर्काको मेलामा थिए । पुष्पमानका घरमा भर्खर नातिनी जन्मेकी थिई । उनीहरू सुत्केरी स्याहार्दै थिए । भक्तदाइहरू जङ्गलमा दाउरा काट्दै थिए । रुद्रेको आवाजले यी सबैलाई सचेत गरायो । सबै आफ्ना काम छाडेर दौडे । खरीपाखाको डडेलोले गाउँ नै सखाप पार्न सक्थ्यो । कसैले पानी बोके । कसैले कोदाला बोके । कोही स्याउला काट्न दौडे । कोही घरका सामान जोगाउनतिर लागे । “ए, वस्तु दाम्लामै मर्लान् ? फुकाइदेऔ है,” ८० वर्षका शेर्पा दाइले युवालाई सम्झाए, “पानी त छैन । माटो र स्याउलाले निभाओ है आगो !” “हरे ईश्वर ! गाउँ सखाप हुने भो । कसरी लाग्यो यो आगो ?” उनी चिन्तित बने ।

हल्ला खल्ला राममानले पनि सुन्यो । एक मुठो घाँस बोकेर ऊ पनि दौड्यो । कसरी लाग्यो आगो ? खर त सखाप भएछ । ल्या ! भुवानेको घर त भेटिहाल्यो नि ! दाताराम काकाको घर पनि भेट्छ होला । ऊ पनि घाँस फालेर खरीपाखातिर दौड्यो ।

सबै पाखामा पुगे । आगो दनदन बल्दै थियो । अझ चैते हुरी पनि थपियो । आगाको मुस्लो ह्वारह्वार्ती बल्न थाल्यो ।

ए, पानीले मात्र हुँदैन । स्याउला काट र हिर्काओ । माटोले छोप । गुरुङ-दाइलाई घरका सामान निकाल्न भन । भुवाने दाइ ! नानीहरू भगाऊ । गाईबाख्रा

फुकाइदेऊ । यस्तै आवाज सुन्न थालियो । आगो बढ्दै थियो । एकै छिनमा होहल्ला फैलियो । गाउँका महिला पुरुष भेला भए । पल्लो गाउँका मानिस पनि आइपुगे । कसैले घर र खोलाबाट पानी ओसारे । कसैले स्याउला र माटोले आगो छोपे । केटाकेटीले पनि आगलागीबारे पढेका थिए । उनीहरू पाखो र गाउँका बीचमा खाडल खन्न र पत्कर पन्छाउन थाले । "यति ठाउँ खाली पारेपछि त आगो बढ्दैन होला ।" उनीहरू अग्निरेखा बनाउन थाले ।



गाउँलेले आगो निभाउन अथक प्रयास गरे । चार घन्टापछि आगो नियन्त्रणमा आयो । पाटे ओडारमा केही मुढा जल्दै थिए । तर त्यसको डर थिएन । बल्ल उनीहरूले ठूलो सास फेरे । खाने पानीसमेत आगो निभाउँदा सकियो ।

"बल्ल गाउँ जोगियो । ल सबै चौरमा बसौ एकै छिन ।" कपिल सरले प्रस्ताव राखे । सबै सेराचौरमा बसे ।

"हेर त कुन फटाहाले आगो लायो यसरी ?" माइली काकी त्रसित स्वरमा बोलिन् ।

"कहिलेकाहीँ रूख, बाँस घोटिएर पनि आगो लाग्छ । कसैले जानीजानी आगो लाउँछन् । कसैले चुरोट खाएर ननिभाइ ठुटा फाल्छन् । कहिलेकाहीँ जङ्गलमा गोल पोल्दा आगो उम्कन्छ । गाउँमा डढेलो लाग्ने त यिनै कारण हुन् ।" पुरेत बोले ।

"अब चुरोट खाने खोज्नुपर्छ । आगो लाउने भेटिइहाल्छ नि ! अनि त्यसको पाता फर्काएर ......." पूर्णसिंह कड्किए ।

"हैन यो भन्दा पहिले त क्षति बुझ्नुपर्छ । कसैलाई चोट लाग्यो कि ? आगोले पोल्यो कि ? तिनको उपचार पहिले गर्नुपर्छ ?" हेल्थ पोस्टमा काम गर्ने यादव दाइ बोले ।

" ए बाबु हो ! मरे म त ! झन्नै ज्यान गयो । घिउकुमारी कस कहाँ छ ? दलिदेओ न ! मेरो हात जल्यो ।" मिजार काकाले पीडा पोखे ।



ओहो ! घिउकुमारी देलेर मात्र हुँदैन । हिँड्नुहोस् हेल्थ पोस्ट । अरू क-कसलाई पोलेको छ ? मसँग आउनुहोस् ।

मिजार काका, जितबहादुर, मुना, सानी भाउजू र पदमलाल यादव दाइसँग हिँडे । अरू ककसको के-के भयो ?

"मेरो त घरै जल्यो" भुवाने दाइ बोले ।

"मेरो चाहिँ घर बच्यो, पाखी जल्यो" दाताराम काकाले सुनाए ।

"मेरा दुईटा कुखुरा जलेछन् । बाख्रा चाहिँ पुन्टीले फुकाइछ" फुर्वाले सुनायो ।

"यति हो क्षति ? हामी सबै मिल्दा आज गाउँ बच्यो । आगाले पोल्नेको त उपचार भइहाल्छ । अब रह्यो भुवाने दाइको कुरा । के गर्ने होला ?"

- ओड्ने ओछ्याउने म दिन्छु ।
- आज मेरैमा बस्छन् । सात दिनलाई खानेकुरा म दिन्छु ।
- बाँस र खर म दिन्छु । घर बनाइदिऊँ न हामीले ।
- ल गाह्रो म लगाइदिने भएँ ।

सबैले एकएक चिज दिएर भुवाने दाइलाई सहयोग गर्ने निधो भयो । दाताराम र फुर्वाले आफूहरूलाई केही गर्नु नपर्ने जनाए ।

"ल त भिरगाउँबासी सबै गाउँलेहरू, अब घरघर लागौँ । आगो लागेपछि जसरी आज हामीले गाउँ खरानी हुनबाट बचायौँ । आपत्कालमा हामी सबै यसरी नै मिल्नुपर्छ । यस्ता बेलामा जात, धर्म, रिस आदि केही हेर्नु हुन्न । सबै मिलेर सबैलाई सहयोग गर्नुपर्छ । गर्मीको बेला छ । आगो चाहिँ सुरक्षित राख्नुपर्छ है ।"



पख्नुहोस् पुरेत बा, मैले माफी माग्नै छ । म बुढीलाई आगो जोगा है भनेर हिँडे । चिलाउनेका फेदमा पुगेर कँकड खाएँ । मैले ठुटो ननिभाई फाले छु, आफैँलाई थाहा भएन । ठूलो भूल गरे मैले । नजानी गरेको हुँ माफी पाऊँ । अघि मिजार दाइलाई आगोबाट निकाल्दा मेरा हातखुट्टा जले । डरले भन्नै सकिनँ । आगोले सजाय त दिइहाल्यो नि । रुँदै बोलिरहेको राममान पुर्लक्क लड्यो । ऊ त निकै घाइते भएको रहेछ । उसलाई सबै मिलेर बोके र तुरुन्त हेल्थपोस्ट पुऱ्याए ।

पाठ ७

# सेतीको बाढी र शास्त्री बा

श्रोतागण, हाम्रो शास्त्र बहुत व्यावहारिक छ । यसले सहज र असहज अवस्थामा व्यवहार गर्न सिकाउँछ । हिन्दुधर्ममा जेठाजुले बुहारीलाई छुन हुन्न भन्छन् । तर आपत्कालमा हुन्छ । आगलागी, भुइँचालो, बाढी, खोलो तर्नुपर्दा र सहयोग गर्ने अरू नहुँदा धर्मले छुट दिन्छ । संस्कारले पनि छुट दिन्छ । - *शास्त्री गुरुको प्रवचन हो यो ।*

उनी वचनमा सबैको सम्मान गर्थे । व्यवहारमा चाहिँ कट्टर छन् भनी सबै कुरा काट्थे । युवाहरू समानता यिनको देखाउने दाँत हो भन्थे । उनको कुरा काट्ने थुप्रै भेटिन्थे । उनका प्रशंसक पनि थिए । लेखनाथदेखि घान्द्रुकसम्म उनको प्रशंसा सुनिन्थ्यो ।

वैशाखको महिना थियो । शास्त्री बाजे कतै श्राद्ध सकेर घर फर्कंदै थिए । सेती नदीको किनार उराठ देखिन्थ्यो । गर्मी महिना पानी सुकेको थियो । नदीका किनारमा कोही गिट्टी कुट्दै थिए । केटाकेटी साना दहमा पौडी खेल्दै थिए । शास्त्री छाता ओडेर ओरालो लाग्दै थिए । “ए सेतीमा बाढी आयो । भाग ! भाग !” माथितिरबाट चर्को स्वरमा कराएको आवाज उनको कानमा पर्‍यो । पहिले त पत्याएनन् । यसो माथितिर हेरेको मानिसहरू भाग्दै रहेछन् । शास्त्री पनि टोपी झिकेर भाग्न थाले । केही तल पुग्दा उनले देखे - गन्धर्व बुढी खोलामा गिट्टी कुट्दै थिइन् । झनक परियारका दुइटी छोरी पानीमा खेल्दै थिए । रमिता बालुवा ओसार्दै थिई । शास्त्री चिच्चाए । ए बाढी आयो ! भाग ! मध्यदिनको चर्को गर्मीमा कसले पत्याओस् उनको कुरा । एक कानले सुनेर अर्को कानले उडाइदिए । उनी फेरि चिच्चाए ए भाग ! बाढी आयो !

केटीहरू र रमिताले त ठाउँ छाडे । गन्धर्व बुढी कान सुन्दिनथिन् । बसिरहिन् ।

"ल बूढी मर्ने भइन् बचाउनुपर्छ ।" शास्त्री दगुर्दै बूढी छेउ पुगे । केही नबोली बुढीलाई ताने । "बाढी आयो । सुन्ने होइन ।" भन्दै त्यहाँबाट अलिक पर पुऱ्याए ।

नभन्दै सेतीमा विशाल बाढी आयो । अन्नपूर्ण हिमालमा हिउँ पहिरो आएछ । त्यसले सेतीको मुहान थुनेछ । त्यहाँ ताल नै बनेछ । ताल फुटेर बाढी आएको रहेछ । एकै छिनमा सेतीले धेरै सखाप पाऱ्यो । नदी छेउको गन्धर्व बुढीको झुप्रो पनि बगायो । सेतीले भयानक रूप लियो । झनकका छोरी र रमिता डरले थरथर कामे ।

हेर ! आज मैले नभनेको भए ज्यान जान्थ्यो । जे भए पनि यस्तो आपत्मा बचाउन पाइयो । शास्त्रले आपतमा सबैलाई बचाउनु भनेको छ । ल, नानीहरू जाओ घरतिर ।

उनले गन्धर्व बूढीको कानैमा भने, "दिदी ! हिँड्नुहोस् । बाढीले घर बगाइहाल्यो । एक्ली हुनुहुन्छ । केही दिन मेरैमा बस्नुहोस् । चिन्ता नलिनुहोस् ।"

गन्धर्व बूढी गाउँमा हेपिएकी थिइन् । शास्त्रीका यी कुरा सुनेर भक्कानिएर रुन थालिन् । यति बेला धेरै मानिस भेला भइसकेका थिए । उनीहरूले महसुस गरे - शास्त्री त वचन र व्यवहार दुवैमा शास्त्री रहेछन् ।

पाठ ८

# तपाइँ भए के गर्नुहुन्छ ?

हामीलाई विभिन्न विपत्तिहरू आइपर्छन् । कहिले भुइँचालो आउँछ । सुखा खडेरी पर्छ । आँधी हुरी आउँछ । बाढी र पहिरोले घरखेत बगाउँछ । समुद्रका किनारका बस्तीहरूमा समुद्री आँधी र सुनामीले दु:ख दिन्छ । यी सबै प्राकृतिक विपत्तिहरू हुन् । यस्ता विपत्तिहरूलाई रोक्न सकिँदैन । यसबाट हुने धनजनको नोक्सानी कम गर्ने उपायहरू अपनाउनु पर्छ । विपत्ति आइपर्दा त्यसको सामना गर्ने पूर्व तयारी गर्नु पर्दछ ।

तपाइँ बसेको ठाउँमा के के विपत्तिहरू आउँछन् ? त्यस्ता विपत्तिमध्ये कुन कुनमा मानिसले नियन्त्रण गर्न सक्छन् र कुनलाई मानिसले नियन्त्रण गर्न सक्दैनन् ? मानिसको अज्ञानता र लापरबाहीका कारण आइपर्ने विपत्तिहरू केके होलान् ?

कतिपय विपत्तिको कारण त मानिस आफैं हो । मानिसहरू घरभित्र र वरिपरि सफा सुग्घर राख्दैनन् । रोग विरूद्धको खोप लिँदैनन् आफ्नो र केटाकेटीहरूको स्वास्थ्यमा ध्यान दिँदैनन् । सफा, ताजा र पोसिलो खानेकुरा खाँदैनन्, खुवाउँदैनन् । यसले गर्दा रोगको माहामारी फैलिन्छ ।

आगो प्रयोग गर्दा सावधानी अपनाउँदैनन् केटाकेटीलाई आगो बाल्न दिन्छन् । सलाई, लाइटर, ग्यास जस्ता आगो बल्ने चिजहरू चलाउन दिन्छन् । यस्तो लापरवाही गर्नाले आगोलागी हुन सक्छ । कहिलेकाहिँ त गाउँ नै जलेर सखाप हुन्छ ।

कहिलेकाँही मानिसहरू झैझगडा गर्दैछन् । सानोतिनो झगडाले ठूलो रूप लिन्छ । जातपात छुवाछुत र धर्म पनि झैझगडाको कारण हुन सक्छ । झैझगडामा हतियार पनि प्रयोग हुनसक्छ । मारकाट हुनसक्छ । यी सबै अर्कालाई हेप्ने, होच्याउने र थिचोमिचो गर्ने प्रवृत्तिले गर्दा हुन्छ । लडाइँ

गरेर कसैलाई फाइदा हुँदैन । अज्ञानता र घमण्डले झगडा निम्त्याउँछ । रिसको नियन्त्रण गर्न नसक्नु पनि झगडाको कारण हो ।

लडाइँ झगडाबाट बालबालिका अशक्त र बूढाबूढीहरूले ठूलो दुःख पाउँछन् । लडाइँ झगडा गर्नेहरू त घाइते हुने वा मर्ने नै भए । द्वन्द्वको बेला केटाकेटीहरू विद्यालय जान पाउँदैनन् । उनीहरू घाइते हुन सक्छन् । लडाइ भएको बेला छाडिएका हातहतियार र बम बारुद पड्केर घाइते हुन सक्छन् । उनीहरूको मृत्यु हुन सक्छ ।

द्वन्द्वको बेला बालबालिकाको अपहरण हुन सक्छ र उनीहरूलाई हतियार र अन्य सामान बोक्न लगाइन्छ । खाना पकाउने भाँडा माझ्ने र सफा सुग्घर गर्ने काममा लगाइन्छ । उनीहरूलाई सुराकी गर्ने काममा समेत खटाउने गरिन्छ । उनीहरूलाई हप्काउने, पिट्ने, धम्काउने पनि गरिन्छ । उनीहरूलाई यौन दुर्व्यवहारको सिकार हुन सक्छन् । यसबाट उनीहरूको मस्तिष्कमा नराम्रो असर पर्छ । आघात पुग्छ । उनीहरूमा हिंसात्मक भावनाको विकास हुन्छ । घृणा र बदलाको भावना पैदा हुन्छ ।

मानिसहरू सवारी साधन चलाउँदा लापरवाही गर्छन् । सवारी साधन चलेको सडकमा जथाभावी बाटो काट्छन् । ट्राफिक नियमको पालना गर्दैनन् । राम्रोसँग नसिकिकन नै सवारी साधन चलाउन थाल्छन् । बिजुलीको सामान र अन्य हातहतियार प्रयोग गर्दा लापरवाही गर्दछन् । यस्तो लापर वाहीबाट दुर्घटनाको सिकार हुन्छन् । यसबाट बर्सेनी धनजनको ठूलो क्षति हुन्छ ।

तपाईंले आफ्नो गाउँघर र वस्तीमा माथि उल्लेख गरिएजस्ता घटनाहरू भएको देख्नुभएको छ ? यस्ता विपत्तिहरूको कहिल्यै सामना गर्नु भएको छ ? आफैंले नभोगेको नदेखेको भए पनि अवश्य पनि सुन्नु भएको होला । यस्ता घटनाहरू कसरी भएका होलान् ? यस्ता विपत्ति आउँनै नदिने उपाय

गर्न सकिन्नथ्यो कि ? यसबाट कसलाई कस्तो असर परेको छ ? एकछिन सोच्नुहोस् र छरछिमेक र साथीभाइसँग यस बारेमा छलफल गर्नुहोस् ।

कहिलेकाहीँ त एउटा विपत्ति परेको बेलामा अर्कौ विपत्ति समेत थपिन्छ । घरमा आगलागी हुन्छ । आगलागी पीडितहरू विस्थापित भएर अरू कसैको घरमा सार्वजनिक भवन र विद्यालयहरूमा वा खुला चउरमा अस्थायी टहरा र पाल टाँगेर बस्नुपर्ने हुन सक्छ । त्यहाँ खानेकुराको अभाव हुन सक्छ । पिउनेपानी फोहोर र दूषित हुन सक्छ । झाडापखालाको महामारी फैलिन सक्छ । बस्ने खाने ठाउँको अभाव भएपछि मानिसहरू झैझगडा गर्न तम्सिन्छन् । सामान खोसाखोस गर्न सक्छन् । झैझगडा बढ्दै गएर मारकाटको स्थिति पैदा हुनसक्छ । घरवार छाडेर बाहिर बसेको बेलामा अन्नबाली र अन्य चिजविजको चोरी र लुटपाट हुन सक्छ । गरगहना र नगदमा आँखा लगाउन सक्छन् ।

*कल्पना गर्नुहोस् त, तपाईंलाई नै यस्तो समस्या आइपरेको छ । एउटा विपत्तिबाट पीडित भएकै बेलामा अर्को समस्या आउन नदिन तपाईं कके गर्नुहुन्छ ? विपत्ति जोसुकैलाई जहिले पनि पर्न सक्छ । यस कुराको ख्याल गर्दै दोहोर विपत्ति आउन नदिने र आइहालेमा त्यसको सामना गर्ने उपयाका बारेमा आफ्ना साथीभाइ र छरछिमेकमा कुराकानी गर्नुहोस् है !*

# विस्थापितहरूको व्यवस्थापन

तीनदिनसम्मको अविरल बर्षाले सल्ले गाउँ बाढी र पहिरोको चपेटामा पऱ्यो। बाढीले घरखेत बगाएपछि विस्थापित भएका गाउँलेहरूलाई सिर्जना प्राथमिक विद्यालयमा बस्ने व्यवस्था मिलाइयो । १५ दिनसम्म विद्यालयको पठ्नपाठन बन्द गरियो । विस्थापितहरूले विद्यालय वरिपरि जथाभावी दिसापिसाब गरेर दुर्गन्धित बनाए । विद्यालयका डेस्क, बेन्च, कुर्सी, टेबुल चिरेर दाउरा बाले । छानोमा लगाएको काठसमेत बालियो । विद्यालय हातमा रोपिएका रूखका हाँगाहरू काटियो। पर्खाल फुटाएर इँटा निकालियो र चुल्हो बनाइयो । जतातत खाडल खनियो । फूलबारीका बोटविरुवाको नाम निशाना रहेन । खाना पकाउने कुनै निश्चित स्थान थिएन । खानेकुरा र तरकारी काटेको फोहोर जतातत देखिन थाल्यो । आगो



बालेकाले खरानी र कोइला जताततै छरिएको थियो । भित्ताहरू धुवाँले काला देखिए । केटाकेटीहरूले नजिकै गाउँलेका करेसाबारीभित्र पसेर फलफूल र तरकारी टिपेर ल्याउन थाले । एउटा घरबाट त कुखुरा र खसीसमेत चोरी भयो भन्ने हल्ला फैलियो ।

गाउँलेहरूले विद्यालय बन्द गरेको र विस्थापितहरूलाई लामो समयसम्म विद्यालयमा राखेकोमा विरोध गर्न थाले । १५ दिनपछि उनीहरूमध्ये केहीलाई घर फर्काइयो । केहीलाई अर्कै ठाउँमा सारियो । सार्ने काम सम्पन्न भएपछि पनि दुई हप्तासम्म कक्षा सञ्चालन हुन सकेन । भत्केको पर्खाल बनाउन मर्मत सम्भार गर्न र डेस्क बेन्च, कुर्सी, टेबुलको व्यवस्था गर्न ठूलो रकम खर्च गर्नु पऱ्यो ।



चेतना प्राथमिक विद्यालयमा पनि विस्थापित भएका मानिसहरूलाई र ाखिएको थियो । त्यहाँ सहयोगी र स्वयंसेवक संस्थाका मानिसहरू आए । स्थानीय प्रहरी र प्रशासनका मानिसहरू आए । सबैको उपस्थितिमा विद्यालय व्यवस्थापन समितिको बैठक बस्यो । विद्यालयका शौचालयहरू खुला गरिए । थप अस्थायी शौचालयहरू बनाइयो । पुरुष र महिलाका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गरियो । करिब २० जनाका लागि एउटा शौचालयको व्यावस्था गरियो शौचालयको दुरी ५० मिटरभन्दा बढी नहोस् भन्ने कुरामा ख्याल गरियो । खानेपानीको पनि  व्यवस्था गरियो । पानीको निकासको पनि व्यवस्था गरियो ।

स्वयंसेवकहरूले सबैको विवरण लिए । उनीहरूका समस्या र आवश्यकताका बारेमा सोधपुछ गरे । उनीहरूको स्वास्थ्य जाँच गरियो । औषधी वितरण गरियो । केटाकेटीहरूलाई पढ्ने लेख्ने, रङ भर्ने र खेलकुदका सामग्रीहरू वितरण गरियो । ठाउँ-ठाउँमा फोहोर जम्मा गर्ने प्लास्टिकका बाल्टिनहरू राखियो ।

खाना पकाउन दाउरा, ग्यास, मटितेल वितरण गरियो । स्थानीय बुद्धिजीवी, समाजसेवी र युवाहरू समेतको सहभागितामा स्वयम्सेवक समूह बनाइयो । केटाकेटीहरूलाई के गर्न हुने के गर्न नहुने भन्ने बारेमा जानकारी दिइयो । पानी उमालेर वा औषधी हालेर शुद्ध बनाएर पिउने सल्लाह दिइयो । सरसफाइका बारेमा जानकारी दिइयो ।

विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीहरूका लागि एक हप्ताको छुट्टी दिइयो । गृहकार्य  र परियोजना कार्य दिइयो । विस्थापित भएर आएका बालबालिकाहरूलाई एउटा  कोठामा राखेर पठनपाठन गर्ने व्यवस्था

मिलाइयो । विद्यालय खाली गर्नै दिन स्थानीय बासिन्दा, शिक्षक, विद्यार्थी र विस्थापित समेतको टोलीले विद्यालयको सरसफाइ र मर्मत संभार कार्य सम्पन्न गऱ्यो । भोलिपल्टदेखि नै कक्षा सञ्चालन भयो ।

**दिइएको पाठ पढ्नुहोस् र तलका प्रश्नको उत्तर के हुन् सक्ला ? एकछिन सोचेर जवाफ दिनुहोस् है त ?**

(क) माथिको पाठ पढेर के थाहा पाउनु भयो ?

(ख) सिर्जना प्राथमिक विद्यालयमा राखिएको शिविरमा केके समस्याहरू देखापरे ?

(ग) ती समस्या देखिनुका कारणहरू केके हुन् ?

(घ) चेतना प्राथमिक विद्यालयमा राखिएको शिविरमा त्यस्ता समस्या किन नदेखिएका होलान् ?

(ङ) दैवी विपत्तिमा परेकाहरूकालागि शिविरहरू सञ्चालन गर्दा केके कुरामा ध्यान पुऱ्याउनु पर्ने रहेछ ?

# पाठ १० विपत्को बेला विशेष सहयोग

कक्षामा पस्नासाथ निर्मला मिसले सुनाउनुभयो, आज रेडियो सुनेको हो ? जापानमा ठूलो भुइँचालो गयो नि ? तर मानिसहरू चाहिँ मरेनन् । किन होला ?

- भुइँचालोबाट जोगिने घर छन् होला ।
- मानिसहरू भुइँचालोबाट जोगिन जान्दछन् होला ।

यो त ठीक छ । हाम्रो देशमा पनि यस्तै ठूलो भुइँचालो गयो भने के होला ?

- हामी सबै मर्छौं होला ।

सबै मरे त सकिइहाल्यो । मरिएन वा घाइते वा अपाङ्ग भइयो भने ?

- जिउँदै मरेजस्तो हुन्छ होला ।

हो ! यस्तै हुन सक्छ । नेपाल पनि भुइँचालोको क्षेत्रमा पर्छ । यहाँ १९९० साल २०४५ साल र २०६८ सालमा ठूला भुइँचालो आए । धेरै मानिस पनि मरे । धनजनको क्षति भयो । भुइँचालो कहिले आउँछ भन्ने थाहा हुँदैन । यसबाट जोगिन के गर्नुपर्ला ?

- भुइँचालोले नलड्ने घर बनाउनुपर्छ ।
- भुइँचालो आउँदा टेबलमुनि वा ढोकामा आड लागेर बस्नुपर्छ ।
- खानेकुरा र पानी राखिराख्नुपर्छ ।
- खुला ठाउँमा भाग्नुपर्छ ।

खुला ठाउँमा सबै भाग्न सक्छन् त ?

- सक्दैनन् ।

यस्तो आपत्‌कालीन अवस्थामा मानसिक तथा शारीरिक अपाङ्गता भएका व्यक्तिलाई झन ठूलो असर पर्छ । मानिसमा विभिन्न प्रकारका अपाङ्गता हुन्छन् । कोही बोल्न सक्दैनन् । कोही सुन्न सक्दैनन् । कोही कम सुन्छन् । कोही कम देख्छन् । कसैका हातखुट्टा चल्दैनन् । कसैको शरीर चल्दैन । कसैको शरीर अस्वभाविक हुन्छ । आपत् पर्दा यस्तो अपाङ्गता भएका व्यक्तिलाई सहयोगको आवश्यकता पर्छ । भुइँचालो जस्तो आपत् आउँदा सबल मानिसले बढी खट्नुपर्छ । आँखा नदेख्ने मानिसलाई डोऱ्याएर सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ । बोल्न नसक्नेले आफ्नो पीडा सुनाउन सक्दैनन् । उनीहरूको सङ्केत बुझेर सहयोग गर्नुपर्छ । खुट्टा नचल्नेहरूलाई बोकेर अन्यत्र लैजानुपर्छ । अस्वाभाविक शरीर हुनेलाई बोकेर अन्यत्र लैजानुपर्छ । अपाङ्गता भएका मानिस घाइते हुन सक्छन् । यो अझ ठूलो पीडा हो । यो पीडाबाट बचाउन तुरुन्त अस्पताल पुऱ्याउनुपर्छ । अपाङ्गता भएका व्यक्तिलाई विभिन्न औषधीको आवश्यकता पर्न सक्छ । यसको व्यवस्था गरिदिनुपर्छ । हामीले सुन्न नसक्नेका लागि सुनिदिनुपर्छ । बोल्न नसक्नेलाई बुझिदिनुपर्छ । तपाईं हामी जोसुकैमा अपाङ्गता हुन सक्छ । आपत्‌कालमा उनीहरूलाई विशेष सहयोग आवश्यक पर्छ ।

आपत्‌कालमा सबै प्रकारका अपाङ्गतालाई एकै तरिकाले व्यवस्थापन गर्न सकिँदैन । अपाङ्गताको प्रकार बुझेर सोहीअनुसार सहयोग गुर्नपर्छ ।

अब भुइँचालो आयो भने पहिले म अपाङ्गलाई विशेष सहयोग गर्छु । म अपाङ्ग भएँ भने पनि सहयोग गर्नुहोस् है ।





पाठ ११

# सेवा नै धर्म हो

आज मैले आपत्विपत् आइपरेको बेला मानिसहरूलाई कसरी सेवा गर्ने भन्नेबारेमा कविता सुनाउनु थियो। मैले तल लेखिएको कविता सुनाएँ। तपाई पनि यो पढ्नुहोस् र मनमा लागेको कुरा भन्नुहोस् है !

जन्मेपछि बढ्नुपर्छ एकदिन मर्नु पर्छ,
जिन्दगीको बाटो हिँड्दा आपत पनि पर्छ ।
आपतमा बुद्धि लगाई काम गर्नुपर्छ,
सबै जात, धर्म, लिङ्ग एकै बन्नुपर्छ ॥

हामी धेरै जातजाति देश हाम्रो घर,
घरभित्र आपत् आए सुरक्षित को छ र ।
आपत्मा सबै बिर्सी आपत्लाई नै सम्झ,
अरूलाई बचाउने मार्गतिर लम्क ॥

प्रत्येक जात, सम्प्रदाय संस्कृति छन् आफ्ना,
संस्कृति त मान्नै पर्छ आफ्नै मान राख्न ।
आपत् पर्दा आफ्नो आर्को मित्र पराई बिर्सी,
मान्छे मान्छे लाउनुपर्छ संस्कृतिको पिर्ती ॥

धर्म भन्नु सेवा नै हो, सेवा हाम्रो मन,
आपत् पर्छ सबैलाई सबै सचेत बन ।
हाम्रो जात धर्म मान्छे, संस्कृति हो मान्छे,
मान्छे बचाऊ, मान्छे बच, नत्र केको मान्छे ?

विदेशमा मित्र चिन स्वदेशमा मन,
मान्छे चिन आपतमा, विपतमा धन ।
धर्म चिन उपकारमा, दु:ख दिनु पाप,
शिक्षा चिन दु:ख पर्दा, सङ्कटमा साथ ॥

एकै छिन सोचेर जवाफ दिनुस् ल !

- कवितामा भनेका कुरा ठीक छन् ? किन ?
- कवितामा के के गर्नुपर्छ भनिएको छ ?
- आपत्‌विपत् पर्दा कसरी काम गर्नुपर्ने रहेछ ?
- के हामी कवितामा भने जस्तो गर्न सक्छौँ त ?

## पाठ १२ आपत्विपत्मा कसले सहयोग गर्छन् ?

अप्ठ्यारो नं. १

भदौ १२ गते बिहान ५ बजे एक्कासि साइरन बज्यो । तराईका मानिसहरूले उत्तरतिर हेरे । आकाश मडारिएको थियो । ठूलो पानी परेछ । बाढी आउने सङ्केत देखियो । माझघाट, बस्तीपुर र तीरखोलाका मानिस खुब आत्तिए । बाढी आयो भने घर बगाउँछ । गाईवस्तु कसरी जोगाउने ? लुगाकपडा र भाँडाकुँडा के गर्ने ? सबको चिन्ता बढ्यो । पुन : साइरन बज्यो । गाउँलेको सातो गयो । कोही भाग्न थाले । कोही केटाकेटी उठाउन थाले ।

तपाईंको गाउँमा यस्तै भयो भने के गर्नुहुन्छ ? सोचेर भन्नुहोस् ।

अप्ठ्यारो नं. २




पुलिस बाबु, म आँखा देख्दिन, पर पुऱ्याईदिनुस है !
हुन्छ, आमा !



बाढी बढ्ला जस्तो छ । मानिसहरूलाई विद्यालय रसामुदायिक भवनमा सार्नुपर्छ ।




माथिको चित्र हेर्नुहोस् र तलका कुरा बुझ्नुहोस् :

- बाढी प्राकृतिक प्रकोप हो । यो कहिले आउँछ भन्ने थाहा हुँदैन । बाढीबाट बच्न नदीका छेउछाउमा वा बाढी पस्न सक्ने ठाउँमा घर बनाउनु हुँदैन ।
- बाढीले घरवार र धनजनको क्षति गर्छ ।
- बाढी आएको थाहा पाउनसाथ सुरक्षित ठाउँमा जानुपर्छ ।

- गाउँको विद्यालय र सामुदायिक भवन सुरक्षित ठाउँ हुन्। अरू त्यस्तै सुरक्षित ठाउँ हुन सक्छन्।



रेडक्रस

- आपत्विपत् पर्दा सेना र प्रहरीले सहयोग गर्छन्। आपत् पर्नासाथ प्रशासनलाई खबर गर्नुपर्छ।
- रेडक्रस, स्काउटले पनि आपत्विपत्मा सहयोग गर्छन्।
- गैरसरकारी संस्था पनि सहयोगी हुन्। उनीहरूलाई खबर गुर्नपर्छ। केही संस्था आफैँ सहयोग गर्न आउँछन्। ती स्वयमसेवी संस्थाहरू हुन्। उनीहरूलाई पनि सहयोग गर्नुपर्छ।



स्काउट

- आपत्कालमा स्वास्थ्यकर्मी आएर उपचार गर्छन्। उनीहरूलाई पनि खबर गर्नुपर्छ।
- आपत् सबैलाई पर्छ। कसैलाई आपत् पर्नासाथ सहयोग गर्न पुग्नुपर्छ।
- आपत्कालीन अवस्थामा सहयोग गर्नु मानिसको धर्म हो।

# पाठ १३ सुन्दरपुरकी सान्नानी

"ए सुन्तली ! नाटक हेर्न जाने हैन ? आज स्कुलमा नाटक छ रे नि ! जाऔँ ! सबै गए !"

"ए हो र ! पख न त । म पनि लुगा लगाइहाल्छु !"

सुन्तली र सान्नानी नाटक हेर्न पुगे । विद्यालयको प्राङ्गणमा नाटक गर्ने थियो । मानिसहरू खचाखच थिए । एकै छिनमा पर्दा खुल्यो । मञ्चमा केही अभिनयकर्ता देखिए । सुन्दरपुर गाउँको कथा रहेछ । गाउँमा एक्कासि महामारी फैलिएछ । धेरै मानिस बिरामी परेछन् । केही मरेछन् । अब के गर्ने भनी छलफल पो हुँदै रहेछ ।

"ए सान्नानी हेर ! कति फोहोर गाउँ ! त्यस्तो भएपछि महामारी फैलिदैन त ! मर्छन् होला सबै ! गाउँ त सफा पो राख्नुपर्छ !" सुन्तलीले कानेखुसी गरी ।

नाटक अघि बढ्यो । महामारी फैलिएको सुन्दरपुर गाउँमा सामुदायिक नेताहरू र समाजसेवी भेला भए । कसैले गाउँ फोहोर भएकाले महामारी फैलिएको भने । कसैले देवीदेवता पो रिसाएको भन्ने सोचे । कसैले धामी झाँक्री लाउने कुरा गरे । कसैले बिरामीलाई अस्पताल लगेर उपचार गरौँ भने ।

"हो, यस नेताले ठीक भन्यो है । देवी रिसाएर महामारी फैलने भए किन पूजा गर्ने ? बिरामीलाई त अस्पताल पो लानुपर्छ ।" सान्नानीले सुन्तलीसँग साउती गरी ।

नाटक चल्दै थियो । त्यहाँ केही धार्मिक नेता देखिए र भन्न थाले, "आँगन फोहोर भए रोग लाग्छ । खानपानमा ध्यान नदिए पनि रोग लाग्छ । हामीले

शरीर स्वस्थ राख्नुपर्छ । घरआँगन र मन दुर्गन्धित राख्नेलाई रोग लाग्छ । यो ईश्वरको चेतावनी हो । ईश्वरले माहामारी फैलाएर हामीलाई चेतावनी दिएका हुन् । अब ईश्वरको प्रार्थना गरी गाउँ सफा पार्नुपर्छ । ईश्वरकै कृपाले बिरामी ठीक हुन्छन् । ईश्वरकै कृपाले मृतकहरूले मुक्ति पाउँछन् ।"

"ईश्वरले मारे पो भन्छन् बा यी त ! हैन नि हगि ! घर आँगन सबैतिर सफा भए त काल पनि खुसी भएर फर्कन्थ्यो होला !" सुन्तलीले खित्का छाडी ।

फेरि मञ्चमा केही मानिस देखिए । उनीहरूले आफूलाई नागरिक समाज भनी चिनाए । उनीहरू भन्न थाले, "महामारी फैलिनुमा सरकारको दोष छ । हामीले पहिले नै भनेको सरकारले सुनेन । गाँउमा स्वस्थ्य चौकी छैन । औषधी छैन । स्वास्थ्यकर्मी छैनन् । अनि महामारी फैलिदैन त ? अब हामी सबै मिलेर सरकारलाई सचेत गराउनुपर्छ ।"

"आगलागी झुपडी डेढ घडी भद्रा भने जस्तो । गाउँमा मानिस सोत्तर छन् । घाट पुऱ्याउने कि अस्पताल भन्ने चिन्ता छ । यी सरकारलाई दोष दिन्छन् । सरकारले रोग लाइदिएको हो ? आफूले सक्ने काम त आफैं गर्नुपर्छ । यिनीहरूले बिरामी बोकेर अस्पताल पुऱ्याए हुन्न ?" पूरा कुरा नै नसुनी सान्नानी जङ्गिई ।

नाटक पुनः अघि बढ्यो । मञ्चमा विभिन्न नामका सामुदायिक संस्था व्यानर लिएर आए । कोही स्ट्रेचर बोकेर आए । उनीहरूले बिरामीलाई बोकेर हिँडे । त्यही बेला एक जना वृद्धको मृत्यु भयो । रुवावासी पनि चल्यो । केही लासलाई घाट लैजाने तरखरमा लागे । संस्थामा स्वास्थ्यकर्मी पनि रहेछन् क्यारे ! उनीहरूले बिरामीलाई औषधी पनि दिए । केही चाहिँ घर आँगन, बाटो सफा गर्न लागे । कसैले बिरामीको लुगा फेरिदिए । कोही उनीहरूलाई खाना पानी दिन थाले ।

"यसो पो गर्नुपर्छ मान्छेले ! यी भाइबहिनी कति ज्ञानी रहेछन् हगि !" सुन्तलीले आँखाको कोस पुछ्दै भनी । ऊ त भित्रभित्रै भक्कानिसकेकी रहिछ ।

नाटक अन्त्यतिर पुग्यो । स्कुल पढ्ने एक छात्रा र छात्र देखिए । उनीहरूले भन्न थाले, "दर्शक वृन्द ! नाटक हेरिहाल्नुभयो ! हाम्रो सुन्दरपुर गाउँलाई महामारीले च्याप्यो । आपत पऱ्यो । आपतबाट गाउँलाई बचाउन नेता, समाजसेवी, सङ्संस्थाले केके भने ? के के गरे ? सुनिहाल्नुभयो । हाम्रो विचार मा त महामारी हामीले नै निम्त्याउने गरेका छौँ । हाम्रो खानपान, सरसफाइ आदिका कारण महामारी फैलिन्छ । आपतमा त अरूले सहयोग गर्लान् । आपत आउनै नदिन हामी नै अघि सर्नुपर्छ । हामी नै सचेत बन्नुपर्छ । महामारी लाग्नै नसक्ने गरी अति सुन्दरपुर बनाउनुपर्छ । हाम्रो यस अभियानमा कसले सहयोग गर्नुहुन्छ ?"

सुन्तली र सान्नानीका हात सँगै उठे । सबै दर्शक उनीहरूलाई नै हेरिरहेका थिए ।

अब भन्नुहोस् त :

- नाटकमा सबभन्दा राम्रो भूमिका कसले निर्वाह गरे ? किन ?
- नाटकमा बीचबीचमा सुन्तली र सान्नानीले केके भने ? उनीहरूले भनेका कुरामा तपाईं सहमत हुनुहुन्छ ? किन ?
- महामारी फैलेर तपाईंको गाउँ पनि दुर्गन्धपुर जस्तै बन्ला नि ! यसलाई रोक्न तपाईं केके गर्नुहुन्छ ?
- तपाईंको गाउँमा पनि महामरी फैलिई नै हाल्यो भने के गर्नुहुन्छ ? साथीभाइसँग छलफल गरेर भन्नुहोस् ।

पाठ १४

# आपत्कालको सिकाइ






माथिको चित्र हेर्नुहोस् त । यी दुई बालबालिका कस्तो आपत्मा छन् ? हुन त यी सबै आपत एकै चोटी पर्दैनन् । तर यी कुनै आपत् आइपरे के होला हामीलाई ? अस्ति गएको भुइँचालोले हाम्रो विद्यालय भत्कायो । ठूलो क्षति त भएन । तर कुनै दिन ठूलो क्षति हुन पनि सक्छ नि ! आज यसै बारेमा छलफल गरौँ है ।

भुइँचालोले गाह्रो चर्किएको भवनभित्र शिक्षक पदमप्रसादले छलफल सुरु गरे । "यस्तो भयो भने त कसरी पढ्ने नि सर ?" शशीकला बोलिन् ।

यस्तो भए पनि पढ्नुपर्छ नि ! शिक्षा त जीवनको आँखा हो नि ! जीवनमा आपत्काल पनि आइलाग्छ । जस्तो सुकै आपत् परे पनि पढ्न छाड्नुहुन्न ।

"आपत्काल भनेको के हो नि सर ?"

आपत्काल भनेको समाजको सामान्य अवस्था गम्भीर रूपमा बिग्रेको स्थिति हो । यसमा मानवीय, भौतिक र वातावरणीय ह्रास भएको हुन्छ । यो एक्कासि वा बिस्तारै आउन सक्छ । आपत्काल प्राकृतिक वा मान्छेका कारणले घटेको ठूलो घटना हो । यसमा मान्छेले आफ्ना स्रोतको आधारमा बाँच्न सक्ने क्षमता गुमाउँछ । यस्तो अवस्थामा स्थानीय स्रोत र साधन अपुग हुन्छ । बाहिरी सहयोग र उद्धारको आवश्यकता हुन्छ । हेर त भुइँचालो आउँदा रमेशका किताब घरमा पुरिए । अब अरूले दिनु परेन त ?

" त्यो त परिहाल्छ नि !"

बाढी आउँदा घर, विद्यालय, पढ्ने सामग्री सबै नष्ट हुन सक्छन् । भूकम्प आउँदा पनि यही अवस्था हुन्छ । आगलागीले त अझ विभत्स रूप लिन सक्छ । महामारीबाट पनि बच्चाको आश्रय गुम्न सक्छ । युद्धको स्थिति अझ भयावह हुन्छ । यी सबै परिस्थितिमा बालबालिका शरीरिक सङ्कट र मानसिक तनाब हुन सक्छन् । यसमाथि आर्थिक सामाजिक सङ्कट पनि थपिन्छन् ।

"हाम्रै स्कुल देखेर मलाई त पढ्न मन लाग्या छैन । झन् ठूलो आपत् आउँदा कसरी पढ्ने ? कसरी सिक्न सकिन्छ ?" नीताले भनिन्

आपत्कालमा सिक्न मूल रूपमा हामीलाई तीन सीप चाहिन्छन् । हामी जहाँ बस्छौँ त्यही सिक्न सक्नुपर्छ । सुरक्षित हुने, व्यक्तिगत सरसफाइ र रोगबाट बच्ने, आपतमा परेका सबैसँग समान भाव राख्ने र आफ्नो वातावरण सुरक्षित राख्ने ज्ञान तथा सीप यसमा पर्छन् । आपत्कालमा सिकाइका लागि अस्थायी सिकाइस्थल बनाउनुपर्छ । र यस्तो सिकाइ स्थलमा सबै मिलेर उपयुक्त वातावरण सिर्जना गरी दिनुपर्छ ।

"आपत्विपत्को अवस्थामा अहिले जस्तै गरी पढ्न सकिन्छ त, गुरु ?" श्रेयाले जिज्ञासा राखी ।

हो, यस्ता बेलामा सधैँको भन्दा अरू कुरा पनि सिक्नुपर्छ । सबैसँग मिल्ने, शान्त भएर बस्ने, सहयोग गर्ने, मिलेर समस्या समाधान गर्ने पक्ष सिकाइ होइन र ?

शिक्षकको यस कुरामा विद्यार्थीले सहमति जनाए । शिक्षकले पुनः थपे, "आपत्कालमा बालबालिकालाई काम गरेकै वा बसेकै ठाउँमा सिकाउन सकिन्छ । जस्तो आफ्ना नोक्सान भएका सामान गन्न लाएर गणित सिकाउन सकिन्छ । आपत्को कथा वर्णन गरेर भाषा सिकाउन सकिन्छ । यस अवस्थामा तत्काल प्राप्त सामग्रीबाट सिकाउनुपर्छ । सिक्नका लागि सधैँ पाठ्यपुस्तक नै चाहिन्छ भन्ने छैन ।"

"यस्तो अवस्थामा किताबको पढाइ सक्नुपर्दैन त सर ?"

यस्ता बेलामा विद्यालय भत्के बिग्रेका हुन सक्छन् । सिकाइ सामग्री अव्यवस्थित हुन सक्छन् । बालबालिका शिविर, खुला ठाउँ र खाली भवनहरूमा बसेका हुन्छन् । यही ठाउँमा बालबालिकालाई सिकाउनुपर्छ । आपत्मा परेका

बालबालिकाका लागि तत्कालका लागि अस्थायी प्रकृतिको सिकाइ वातावरण सिर्जना गर्नुपर्छ ।

"यस्तो बेलामा चिन्ता र तनाव भएको हुन्छ । सिकाइमा मनै जाँदैन । अनि कसरी सिक्ने ?" दानीनालले शंका गरे ।

"हो, ठीक भन्यौ । आपत कालमा सिकाइमा मन जादैन । आपतको पीडालाई भुलाउन सिकाइलाई कामसँग जोड्नुपर्छ । हामीले खाँदा, बस्दा, गफ गर्दा नै सिक्न सक्छौं ।" म एउटा कथा सुनाउँछु है त ।

जापानको एउटा स्कुलका विद्यार्थी गणित पढ्न मन गर्दैनथे । त्यस विद्यालयले गणित पढाउन एक से एक शिक्षक झिकायो । कसैले सिकाउन सकेनन् । अन्त्यमा एकजना शिक्षकले कक्षामा पसेर भने, "भाइबहिनीहरू आज हामी गणित नपढ्ने । सबै खेल्न जाऔँ हिँड ।" उनले नजिकैको जङ्गलमा लगेर चरा, मृग, पुतली देखाए । चित्र बनाउन पनि लगाए । चित्रमा आँखा, खुट्टा, पखेटा आदि मिलाउन लगाए । धेरै बेर जङ्गल डुल्दा भोक लाग्यो । त्यही बेला एक सुन्तला व्यापारी सुन्तला बेच्न आएछ । विद्यार्थीले सुन्तला खाने विचार गरे । शिक्षकले भने, "ल, तिमीहरू कति जना छौ गन । अनि दुई दुई दाना सुन्तला पुग्ने गरी किन । कति पैसा चाहिन्छ, मलाई भन ।" यो सुन्ने बित्तिकै एक विद्यार्थीले भन्यो, "भाग, भाग ! यो सरले पनि गणित पढाउन थाल्नुभयो ।"

यस कथामा गणित सिकाएको छैन त ? अनि नेपाली ? विज्ञान पनि छ नि ? सामाजिक ? यो पनि छ । हैन त ?


सबै विद्यार्थी हाँसे ।

पाठ १५

# कोशीको बाढी

मेहीलाल मस्त निन्द्रामा थियो । उसका बाबुले उसलाई दुबै हातले तानेर उठाए । ऊ झस्केर उठ्यो । बाबुले आत्तिदै भने, “कोशीको बाढी गाउँमा पस्यो । तुरुन्तै भाग्नुपर्छ । छिटो उठ ।”

उसका बाबुले उसलाई उचालेर काँधमा राखे । बाबुको कम्मरसम्म पानी थियो । बहिनीलाई आमाले बोकेकी थिइन् । बाबुले आमाको हात समातेका थिए । उनीहरू निथ्रुक्क भिजेर सड्कमा आइपुगे । दक्षिणतर्फ राजमार्ग छिचोलेर भेल बगिरहेको थियो । वरिपरि मानिसको भीड थियो । कोही रूँदै थिए । कोही चिच्याउँदै थिए । ठूला मानिसहरू रोएको सुनेर साना केटाकेटीहरू चिच्याइ चिच्याइ रोइरहेका थिए ।



मेहीलालले पुलुक्क बुबाको मुखमा होऱ्यो । बुबा टुक्रुक्क बसेका थिए । उनी चुपचाप बाढीको मूल भङ्गालोतर्फ हेरिरहेका थिए । साना केटाकेटीहरू उनका आमाबुबाको ढाडमा काखमा चपक्क टाँसिएर बसेका थिए। उनीहरूको अनुहारमा डरत्रास थियो । मेहीलाललाई भनन्न रिंगटा लाग्यो । उसलाई वाक्वाकी आउला जस्तो भयो । ऊ बुबाको अझै नजिक गयो र टाँसिएर बस्यो । उसकी बहिनी आमाको काखमा चपक्क टाँसिएर बसेकी थिई । बाढीको आवाज र मानिसको कल्याङ्मल्याङ्ले बेलाबेलामा झसङ्ग हुन्थ्यी ।


यत्तिकैमा दुई तीनजना मानिसको समूह आएर उनीहरूको विवरण लिए । राजमार्ग छेउछाउको खाली ठाउँमा छाप्राहरू बने । केही मानिसहरूलाई विद्यालय र सामुदायिक भवनमा राखियो । उनीहरू एउटा बाँसको छाप्रोमा बस्न थाले । बीचको एउटा छाप्रोमा पढ्ने पढाउने काम सुरु गरियो ।

शीलुवती गाउँकै प्राथमिक शिक्षक हुन् । उनी बाढीबाट विस्थापित भएर यो अस्थायी अश्रयस्थलमा बस्न आएकी थिइन्। उनले केटाकेटीहरूलाई बालकथाहरू सुनाइन् । समूहमा खेल खेलाइन् । विभिन्न सङ्घसंस्थाहरूले बाल अध्ययन सामग्रीहरू वितरण गरेका थिए । ती सामग्रीका चित्र हेर्न र चिन्न लगाइन् । चित्रमा रङ भर्न लगाइन् । चित्र कोर्न लगाइन् । हामी किन यहाँ बस्न आउनु परेको ? बाढी किन आएको ? भन्ने जस्ता प्रश्नहरू सोधेर उत्तर दिन लगाइन् कुराकानी गरिन् । केटाकेटीहरू उनीसँग झ्याम्मिदै गए । डरत्रास कम हुँदै गयो । नयाँ ठाउँमा पनि उनीहरू रमाउँदै जान थाले । उनीहरूका अनुहारमा उज्यालो र खुसी देखियो ।

अर्को कक्षामा ५-६ वर्षदेखि १०-११ वर्षसम्मका केटककेटीहरू राखिएका थिए । गुरुले उनीहरूलाई विभिन्न खेलहरू खेलाउनुभयो । रमाइला कथाका पुस्तक दिनुभयो । त्यहाँ घरपरिवार र साथीभाइसँगको मित्रतासम्बन्धी कथा

थिए । आपत्‌विपत्‌ परेको बेलामा बुद्धि पुऱ्याएर काम गरेको एकले अर्कोलाई सहयोग गरेको कथाहरू थिए । गुरुले उनीहरूलाई छाप्राहरूमा मानिस कसरी बसेका छन्‌ घुमेर हेर्न भने । उनीहरूका समस्याहरू के के रहेछन्‌ । सोधेर आउन अह्राए । उनीहरू बसेको ठाउँ सफासुग्घर छ छैन अवलोकन गर्न भने । मेहीलालले पनि यी सबैमा सक्रियतापूर्वक भाग लियो । उसलाई चिन्ता र तनाव कम हुँदै गएको महसुस भयो ।

अर्को कक्षामा मेहीलालभन्दा बढी उमेरका किशोरकिशोरीहरूलाई राखिएको थियो । उनीहरूले पनि गीत गाए, नाचे, चित्र बनाए । पुस्तकका कथा कविता र निबन्धहरू पढे । गुरुले एकदिन विपत्ति कसरी आइपर्छ ? विपत्ति आउन



नदिन के गर्नु पर्छ ? विपत्ति आइपरेमा त्यसको सामना कसरी गर्नुपर्छ ? भन्ने बारेमा बोल्न लगाउनुभयो ।

पुलकित दासले उठेर भने, "प्यारा साथीहरू ! आज हामी प्राकृतिक विपत्तिको मारमा परेका छौँ । यसमा हाम्रो पनि केही गल्ति, कमजोरी छ । बाँध फुट्यो भने हाम्रो गाउँ बगाउँछ भन्नेमा हामीले पहिले नै होस् गर्नुपर्थ्यो । बाँध बलियो छ छैन भनेर बेलाबेलामा हेर्नु पर्थ्यो । बाढी पहिरो आउनुको कारण वनजङ्गल र बोटविरुवाको विनाश पनि हो । बाँसघारी भएको टोलमा धेरै कटान भएको छैन । काँसघारीले पनि घरखेत नोक्सान हुनबाट धेरै जोगाएको छ । वरिपरि सिसौ, आँप, नरिवल, सुपारी आदि बोटविरुवा भएको घरमा कम नोक्सान पुगेको छ ।"

आपत् परेको बेलामा आत्तिएर हुँदैन । रोएर, कराएर पनि समस्या समाधान हुँदैन । आपत् विपत् आइनलागोस् भनेर पूर्व सावधानी अपनाउनु पर्दछ । समस्या आइ नै परेपछि सावधानीपूर्वक सामना गर्नुपर्दछ र समाधान पनि खोज्नु पर्दछ ।

पुलकित दासको बोल्ने पालो सकियो । अबको बोल्ने पालो फाराह खातुनको थियो । उनले उठेर भनिन् -

पुलकितको भनाइमा म सहमत छु । प्राकृतिक विपत्तिबाट संसारका धेरै मानिसहरू पीडित हुन्छन् । आज हामी पीडित भयौँ । विश्वका धेरै ठाउँमा भुइँचालो आएर विनाश गरेको हामीले सुनेका छौँ । समुद्री किनारका देश र सहरहरूमा सुनामी आउँछ । समुद्री आँधी आउँछ । यी त मानिसले चाहेर आउने र नचाहेर नआउने होइनन् । यस्ता विपत्तिहरूको सामना गर्नुपर्छ । यसबाट हुने हानि नोक्सानीबाट बँच्ने तरिका अपनाउनु पर्दछ । पूर्व तयारी

गर्नु पर्दछ । मानिसहरूलाई सचेत बनाउनु पर्दछ । बाढी आउने सम्भावनाका बारेमा हामी पहिले नै सचेत नभएकै हौँ । बेलैमा ध्यान दिएको भए बाँध फुट्न नपाउँदै मर्मत गर्न सकिन्थ्यो । आखिर नोक्सान त हाम्रै भयो नि । यसले हामीलाई नयाँ पाठ सिकाएको छ । आफ्नो सुरक्षाका लागि आफैँले काम गर्नुपर्छ भन्ने शिक्षा प्राप्त भएको छ । बाढी, पहिरो, आगलागीका घटनाको पूर्ण निर्मूल त नहोला तर त्यस्ता घटना हुने सम्भावनालाई कम गर्न त पक्कै पनि सकिन्छ ।

विद्यार्थीले बोलेको अरू साथी र गुरूले पनि ध्यान दिएर सुनिरहेका थिए । उनीहरूको तर्क, बोल्ने क्षमता र आत्म विश्वास देखेर गुरु निकै खुसी हुनुभयो । विद्यार्थीहरू पनि खुसी देखिए ।